# करैयामाई गाउँपालिका
## Karaiyamai Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No: ०७९/०८०
चलानी नं./Ref. No.: ९३५३

मिति/Date: २०८०/०२/०२

**विषयः- राष्ट्रिय परिचयपत्र अनलाईन संचालन भएको सूचना।।**

प्रस्तुत विषयमा यस करैयामाई गाउँ कार्यपालिकाको कार्यालय, करैयामा संचालन रहेको राष्ट्रिय परिचयपत्रको विवरण संकलन कार्य अनलाईन भईसकेको र तत्काल राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न सकिने भएकोले पहिलाको टोकन प्रणालीलाई हटाईएको छ। साथै मिति २०८०/०२/०३ गते देखि सबै सेवाग्राहीहरुले आ-आफ्नो फारम भरी प्रिन्ट गरेर आवश्यक कागजात सहित यस कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउनको लागि आउनु हुन सूचित गराईन्छ।

**आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल (२०५८ साल पछिको नागरिकतामा स्टिकर नभएको मान्य नहुने)।
२. बुवा/आमाको नागरिकताको प्रतिलिपि उपलब्ध भए सम्म।
३. नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र वा वडा कार्यालयको सिफारिस।
४. राहदानी लिएको भए सो को सक्कल वा प्रतिलिपि।
५. बसाईसराईको हकमा बसाईसराई सक्कल (२०४० साल भन्दा पहिला बसाईसराई गरेको हकमा मात्र वडाको बसाई प्रमाणितले काम गर्ने र २०४० पछि बसाईसराई गरेकाले अनिवार्य सक्कल बसाईसराई प्रमाणपत्र पेश गर्ने)।
६. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाणपत्र अनिवार्य सक्कल प्रति पेश गर्ने।
७. एकल महिला/पुरुषको हकमा मृत्यु दर्ताको सक्कल प्रति अनिवार्य पेश गर्ने।

........................................
उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री वडा कार्यालयहरु(१-८)सबै,
करैयामाई गाउँपालिका, बारा। - आ-आफ्नो वडामा सूचना टाँस गरी सबैलाई जानकारी गराउनु हुन।